# बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# हेटौडा, नेपाल

## कार्यकारी निर्देशक आवश्यकता सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९।११।१९**

प्रदेश तथा स्थानीय तहका निर्वाचित वा नियुक्त पदाधिकारी तथा कर्मचारीको प्रशासनिक एवं व्यवस्थापन सम्वन्धी दक्षता अभिमबृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने उद्देश्यले प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्यसञ्चालन) आदेश, २०७७ बमोजिम सुशासन केन्द्र स्थापना भएको छ। उक्त आदेशको दफा १३ को उपदफा (३) मा उक्त केन्द्रमा **कार्यकारी निर्देशक** पद रहने र सोका लागि सोहि दफाको उपदफा (२) बमोजिमको समितले सिफारिस गर्नुपर्ने भएकोले कार्यकारी निर्देशक पदका लागि योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस कार्यालयमा दरखास्त आह्वान गरिन्छ।

**तपसिल**

- **पद:** कार्यकारी निर्देशक
- **माग पद संख्या:** १ (एक)
- **कार्य अवधि:** नियुक्त भएको मितिले ४ बर्ष
- **न्यूनतम शैक्षिक योग्यता:** मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको।
- **कार्य अनुभव:** स्वायत्त शासन, प्रशासन, विकास, व्यवस्थापन वा प्राज्ञिक क्षेत्रमा कम्तिमा दस बर्षको अनुभव प्राप्त गरेको।
- **परीक्षाको किसिम:** शैक्षिक योग्यता, कार्य अनुभव, कार्ययोजना निर्माण तथा प्रस्तुतिकरण र अन्तर्वाताको आधारमा।
- **पेश गर्नुपर्ने कागजात:** प्रदेश सुशासन केन्द्रको कार्यकारी निर्देशक सिफारिस सम्वन्धी कार्यविधि, २०७७ को अनुसूची १ बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ। (उक्त कार्यविधि यस कार्यालयको वेबसाईट ocmcm.bagamati.gov.np मा उपलब्ध छ।
- **सेवा सुविधा:** प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७ को अनुसूचि १ बमोजिम।
- **उमेर:** ३५ पर्ष पूरा भई ६० बर्ष ननाघेको
- **दरखास्त पेश गर्ने स्थान:** ईच्छुक उम्मेदवारले उल्लेखित मितिभित्र प्राप्त हुनेगरी निवेदन, बैयक्तिक बिवरण, कार्ययोजना, नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, कार्यअनुभवको प्रमाणपत्र तथा अन्य कागजातहरु राखी ईमेल (admin.ocmcm@bagamati.gov.np,admin वा स्वयंकार्यालयमा उपस्थित भई आवेदन दिन सकिनेछ।
- **दरखास्त पेश गर्ने अन्तिम मिति:** २०७९।१२।०३ गते कार्यालय समय भित्र।
- म्याद नाघी प्राप्त हुन आएका निवेदन उपर कुनै कारबाही हुनेछैन।
- आवेदन परेका मध्येबाट छोटो सूची (short list) प्रकाशन पश्चात् अन्तर्वाताका लागि Phone/E-mail/message बाट जानकारी गराईनेछ।

**कार्यकारी निर्देशक सिफारिस समिति**